घोडाघोडी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सुखड, कैलाली



# क्षमता विकास योजना

# Capacity Development Plan-CD Plan

(२०८०/०८१-०८२/०८३)

# विषयसूचीः

परिच्छेद -१ परिचय

१.१. नगरपालिकाको परिचय

परिच्छेद- २ नगरपालिकाको क्षमता विकास योजना

२.१. पृष्ठभुमी

२.२. क्षमता विकास योजनाको आवश्यकता र औचित्य

२.३. क्षमता विकास योजनाको उदेश्य

२.४. क्षमता विकास योजनाको लक्ष्य

२.५. क्षमता विकास योजना तर्जुमाको कानूनी आधार

२.६. क्षमता विकास योजना तर्जुमाको विधि

२.७. क्षमता विकास योजना तर्जुमाको सिमाहरु

परिच्छेद-३ नगरपालिकाको वर्तमान अवस्था विश्लेषण

३.१. संगठन संरचना ( Organization Structure):

३.२. नगरपालिकाको दरवन्दी पदपुर्ति अवस्थाः

३.३. संस्थागत क्षमता स्वमुल्यांकनको अवस्थाः

३.४. नगरपालिकाको संस्थागत तथा मानवीय स्रोतमा देखिएका सवल,दुर्वल,अवसर र चुनौतीहरुः

३.५. क्षमता विकासको आवश्यकताः

३.६. क्षमता विकास प्राथमिकताका आधारहरुः

परिच्छेद-४ नगरपालिकाको क्षमता विकास योजनाका क्षेत्रहरु

४.१. संस्थागत क्षमता विकास योजनाः

४.२. नगरपालिकाको संस्थागत क्षमता विकास कार्ययोजनाः

४.३.मानव स्रोत क्षमता विकास योजनाः

४.४. मानव स्रोत क्षमता विकास कार्ययोजनाः

४.५. आवश्यक स्रोत व्यक्ती तथा संस्थाहरुको रोष्टरः

४.६. क्षमता विकास योजना कार्यान्वयन रणनीतिः

४.७. क्षमता विकास समन्वय समितिको भुमिकाः

४.८. बजेट प्रक्षेपण

परिच्छेद-५ विविध

५.१.क्षमता विकास योजना अनुगमन तथा मुल्यांकनः

# परिच्छेद-१

# परिचय ( Introduction)

## १.१. नगरपालिकाको परिचय ( Introduction Of Municipality)

कैलाली जिल्लाको मध्यवर्ती क्षेत्रमा रहेको घोडाघोडी नगरपालिका विश्वमान चित्रमा परिचित रहेको प्रकृतिको वरदान घोडाघोडी तालको नाम बाट वि.स. २०७१ मंसिर १६ गते दरख,साडेपानी र रामशिखरझाला गा.वि.स. मिलाएर स्थापना भएको हो । पछि नेपालको संविधान,संघीय नेपालको संरचना वमोजिम  विस २०७३ फागुन २२ गते पहलमानपुर गा.वि.स. समेत जोडी  नेपाल सरकारको निर्णय अनुसार गठन भएका ७५३ स्थानीय तह मध्ये एक हो। यस नगरपालिकाको पूर्वमा वर्दगोरिया गाउँपालिका,पश्चिममा गौरीगंगा नगरपालिका,उत्तरमा मोहन्याल गाउँपालिका र दक्षिणमा भजनी नगरपालिका , कैलारी गाउपालिका र जोशीपुर गाउपालिका रहेका छन्। समुद्र सतह देखि २०५ मिटर उचाईमा रहेको यस नगरपालिकाको क्षेत्रफल ३५४.४४ वर्ग कि.मि.रहेको छ। कैलाली जिल्लाका १३ वटा स्थानीय तह मध्ये  घोडाघोडी नगरपालिका क्षेत्रफलका हिसावले तेस्रो ठुलो स्थानीय तहको रुपमा रहेको छ।

प्राकृतीक स्रोत साधनले सम्पन्न मानिने घोडाघोडी नगरपालिका विश्व रामसार सुचीमा सुचीकृत घोडाघोडी ताल र  अन्य सयौंको सङख्यामा रहेका ताल तलैया र पोखरिहरुले पोखरिनै पोखरीहरुको नगरका रुपमा समेत चिनिने गरेको छ।

**नगरपालिकाको जनसांख्यिक विवरणः**

| वडा न. | घरधुरी | जनसङख्या | | | औसत घर परिवार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| | १८३८३ | ८६०३४ | ४०१७५ | ४५८५९ | ५ | ८८ |
| १ | ३०२६ | १३१२५ | ६२५६ | ६८६९ | ४ | ९१ |
| २ | १३७९ | ६५३९ | ३०४२ | ३४९७ | ५ | ८७ |
| ३ | १४२९ | ६७६७ | ३१०३ | ३६६४ | ५ | ८५ |
| ४ | २१०९ | १००७७ | ४७०८ | ५३६९ | ५ | ८८ |
| ५ | १६२० | ७७९३ | ३६३८ | ४१५५ | ५ | ८८ |
| ६ | १०५२ | ५०४२ | २२५७ | २७८५ | ५ | ८१ |
| ७ | ८७६ | ३९४५ | १७७९ | २१६६ | ५ | ८२ |
| ८ | २१३९ | १०५०० | ४९८० | ५५२० | ५ | ९० |
| ९ | १०८९ | ५०१५ | २२६६ | २७४९ | ५ | ८२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | १९५७ | ८६६६ | ४०८२ | ४५८४ | ४ | ८९ |
| ११ | ९६० | ४८७६ | २२९६ | २५८० | ५ | ८९ |
| १२ | ७४७ | ३६८९ | १७६८ | १९२१ | ५ | ९२ |
| **(स्रोतः २०७८ को राष्ट्रिय जनगणना )** | | | | | | |

**यस नगरपालिका भित्र बोलिने प्रमुख भाषा भाषीहरुः** नेपाली, थारु, अछामी, बाजुरेली, वैतडेली, जुम्ली, डडेलधुरी, डोटेली, थामी, दार्चुलेली, दैलेखी, पहरी, बझाङ्गी, मगर अन्य ।

**नगरवासिहरुले मान्ने प्रमुख धर्म तथा संस्कृतीहरुः**( हिन्दु, वौद्ध, क्रिश्चियन, ईश्लाम र अन्य ) दशै, तिहार, आईतवारी, माघि, होली, फागु, गौरा, शिवरात्री, कृष्ण जन्मास्टमी,बुद्ध जयन्ती,राम नवमी,विसु,तिज,ल्वाङी पुजा,भजहर,ईद,गंगा दशहरा,धुरीया पुजा नाग पञ्चमी,जनै पुर्णीमा,,भूमे पुजा महर्दहवा पर्व,गुरही,तुलसि पुजा,अटवारी,अनन्ते पर्व, झिझि, वुढी पोल्ने,विश्वकर्मा पुजा,चिरई भजहर,औली पर्व,जगौम वस्ने,मोहन्याल जात,पेण्डिया पर्व,भूवा,भुरा खेल,लावा वर्ष,खिच्रवा,चुप्पा पुजा,ग्वालादेव पुजा,खखडेहरा,होरी नाच,छुटकी भजहर लगायत अन्य ।

**प्रमुख जातजातीहरुः** चौधरी,थारु,जनजाती,पहाडी,मगर,वाहुन,क्षेत्री,दलित लगायत अन्य ।

**प्रमुख पर्यटकिय स्थलहरुः** विश्व रामसार सुचीमा सुचिकृत घोडाघोडी ताल,अभयाआरण्य क्षेत्र घोडाघोडी,प्रदेश स्तरीय चलचित्र छायांकन स्पट, घोडाघोडी मन्दिर, सिताकुण्ड, वुलवुले, माघिहोमस्टे, सिमलि, खुशिराम पार्क, कोटा सप्तरंगि पार्क, वुटकावावा, आस्नावावा,चिडियाताल,शिव मन्दिर,कालिका मन्दिर,राम मन्दिर,कृष्ण मन्दिर,कैलाश धाम लगायतका स्थलहरु।

**प्रमुख तालहरुः**तालै तालको नगरिको रुपमा रहेको यस पालिका भित्र घोडाघोडी ताल, ओजुवा ताल, चटियाताल, गटरिताल, पुरैना ताल, बगुलिया ताल, जोकाहा ताल, फुलवारि ताल, चिडिया ताल, रक्ताहीताल, हात्तीमुडा, खौराही, वुढिया, पलपरान, सुनापोखरी, गुरही, गाजु पहलाताल, तुलसिपुरताल, सझिया ताल, ढोडनिल ताल लगायतका अन्य तालहरु ।

## परिच्छेद-२

## नगरपालिकाको क्षमता विकास योजना

# Capacity Development Plan of Municipality

### २.१. पृष्ठभुमी (Background):

संविधानसभा मार्फत नेपालको ईतिहासमा पहिलो पटक वि.स २०७२ सालमा जारी गरिएको नेपालको संविधानले देशमा तीन तहका सरकारहरुको व्यवस्था गरि राज्यशक्तिको श्रोत नेपाली जनतामा निहित गरेको छ । नेपालको संविधानले नेपालको मूलसंरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुने र राज्यशक्तिको प्रयोग र उपभोग संविधान र कानूनवमोजिम हुने व्यवस्था गरेको छ ।

संघीय व्यवस्थाको महत्वपूर्ण सरकारको रूपमा रुपमा रहेको स्थानीय तह जनताको सवै भन्दा नजिकको सरकार हो । जनताले आफ्ना विकास र अधिकारसंग सम्वन्धित अपेक्षाहरू सबैभन्दा पहिले स्थानीय सरकारमा व्यक्त गर्ने भएकोले यसलाई गाउँघरको सरकारको रूपमा लिन सकिन्छ । स्थानीय सरकार जनता नजिक रहेर संविधान र स्थानीय सरकार सञ्चालन ऐनले तोकेका अधिकारहरुको प्रयोग गर्दै स्थानीय जनतालाई छिटो, छरितो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गरी संघीय लोकतान्त्रिक गणतन्त्रले व्यवस्था गरेका लाभहरुलाई जनताहरुमा प्रत्याभूत गराउने गहन जिम्मेवारी लिएको सरकार हो । यसर्थ नागरिकहरुको सेवामा सरल र सहज पहुँच स्थापित गर्नका लागि स्थानीय तहहरु आफैमा सवल र सक्षम हुन जरुरी छ । जसका लागि हरेक स्थानीय तहको संरचनात्मक संस्थागत क्षमता र मानवसंशाधनको क्षमता विकास हुन जरुरी छ । क्षमता विकास भनेको एउटा प्रकृया हो जसले कुनैपनि व्यक्ति वा संस्थालाई सक्षमता तिर डोर्याउछ ।

नेपाल प्रज्ञा प्रतिष्ठानको बृहद नेपाली शब्दकोष अनुसार क्षमता भनेको कुनै काम गर्न सक्ने वा केही धारणा गर्न सक्ने शक्ति वा विशेषता, सामर्थ्य, तागत भनि व्याख्या गरेको छ । यस अर्थमा क्षमता विकास भन्नाले कुनै पनि व्यक्ति वा संस्थाले आफ्नो काम कर्तव्य र अधिकारलाई सक्षमताका साथ वहन गर्न सक्ने बनाउने प्रकृयाको रूपमा बुझ्न सकिन्छ ।स्थानीय तहहरूलाई प्रदान गरिएको संवैधानिक एकल अधिकारहरूको प्रयोग गर्न स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहहरुलाई स्थानीय स्वायत्त शासनको मर्म अनुरुप स्थानीय विकास,सेवा प्रवाह र स्थानीय नेतृत्वको लागि अधिकार र जिम्मेवारीको व्यवस्था गरेको छ । उल्लेखित अधिकार र जिम्मेवारीलाई वहन गर्दै विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय तहहरुको क्षमतामा विकास हुन जरूरी हुन्छ । स्थानीय क्षेत्रको विकास, प्रभावकारी सेवा प्रवाह र स्थानीय सुशासनमा गुणात्मक परिवर्तन ल्याउन रुपान्तरणकारी, दक्ष, सबल र सक्षम स्थानीय तहहरुबाट मात्र सम्भव छ । हाल स्थानीय सरकारहरुले नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन र विभिन्न राष्ट्रिय प्रतिबद्धताहरु र राष्ट्रिय तथा स्थानीय योजनाको आधारमा सम्पादन गर्नु पर्ने नियमित कार्यहरु सम्पादनस्तर र अवस्थाको अध्ययनबाट स्थानीय तहका जनप्रतिनिधि र कार्यरत कर्मचारीहरुको व्यक्तिगत क्षमता (ज्ञान, सीप, दक्षता, प्रवृत्ति), संस्थागत क्षमता र विधि प्रणालीगत क्षमतामा विकास गर्दै जानुपर्ने देखिएकोले यस नगरपालिकाले घोडाघोडी नगरपालिकाको क्षमता विकास योजना (२०८०/०८१-०८२/०८३) तर्जुमा गरेको छ ।

स्थानीय तहहरुको समग्र क्षमताको उपर्युक्त अवस्थालाई संबोधन गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को आधारमा यस घोडाघोडी नगरपालिका जनप्रतिनिधि र कर्मचारीहरुको व्यक्तिगत क्षमता, संस्थागत क्षमता र विधि/प्रणालीगत क्षमताको लेखाजोखा गरी जनप्रतिनिधि र कर्मचारीहरुको व्यक्तिगत विकास, संस्थागत विकास र विधि/प्रणालीको विकासको साथै संस्थागत क्षमता स्वमूल्याँकन र वित्तीय सुशासन जोखिम मूल्याँकनमा कमजोर देखिएका सूचकहरुको क्षेत्रमा समेत क्रमशः सुधार गर्ने कार्यमा सहयोग पुर्याउन यो घोडाघोडी नगरपालिकाको क्षमता विकास योजना (२०८०/०८१-०८२/०८३)तर्जुमा गरिएको हो।

## २.२. क्षमता विकास योजनाको आवश्यकता र औचित्यः

सवैधानिक व्यवस्था अन्तर्गत नयाँ शासकीय संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई विगतमा केन्द्रीय सरकार मातहत रहेका कतिपय विषयगत कार्यालयहरू मार्फत् प्रदान गरिएका सेवाहरूलाई हस्तान्तरण गरिएको छ। यसले गर्दा विगतको स्थानीय निकायहरूको तुलनामा नयाँ संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई वित्तीय स्रोत साधनको अतिरिक्त बढी अधिकार तथा जिम्मेवारी प्राप्त छ। परिवर्तित सन्दर्भ अनुसारको जिम्मेवारी पूरा गर्न स्थानीय सरकारहरूमा उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरू प्राप्ती तथा प्राप्त अधिकार क्षेत्रमा सेवा प्रदान तथा विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयनमा निरन्तर सुधार ल्याउन जरूरी हुन्छ। जसका लागि स्थानीय सरकारको विद्यमान क्षमताको अध्ययन तथा विश्लेषणको आधारमा योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जानुपर्ने हुन्छ।

संघीय गणतान्त्रिक नेपालमा तीन तहका सरकारहरु संघ, प्रदेश पछि स्थानीय जनताको घर नजिकको सेवा वितरण गर्ने सरकारको रुपमा स्थानीय सरकार रहेको छ। नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई एकल तथा साझा अधिकार र जिम्मेवारी प्रदान गरि स्थानीय जनताको घरदैलोमा प्रभावकारी सेवा वितरणको परिकल्पना गरेको छ। त्यसैगरि स्थानीय सरकारको थप प्रभावकारी सञ्चालनको लागि छाता ऐनको रुपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएको छ। यस अर्थमा स्थानीय तहहरुले प्राप्त जिम्मेवारी र भूमिकाको निर्वाह गर्न जवाफदेहितालाई दिगो ढंगले बहन गरि प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ। यस सन्दर्भमा स्थानीय सरकारको क्षमता संस्थागत तथा मानव संशाधन। समय सापेक्ष अनुसार सुधार हुनुपर्दछ। मानवीय सीप र क्षमताको अधिकतम उपयोग नगरिकन स्थानीय सरकारबाट सम्पादन हुने कार्यहरु परिणाममुखी बनाउन सकिदैन। त्यसर्थ संस्थागत क्षमताको निरन्तर तथा दीर्घकालीन रुपमा क्षमता विकास प्रक्रिया अगाडि बढी राख्नु पर्दछ। स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्र प्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्था प्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ। यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिक प्रति पूर्ण रूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको संस्थागत तथा मानवीय संशाधनको क्षमता अभिवृद्धि गर्ने कार्यका लागि "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" जारी गरेकोछ। उक्त दिग्दर्शनको मर्म र भावना अनुसार स्थानीय सरकारले जिम्मेवारी लाई थप प्रभाकारी बनाउन क्षमता विकास योजना तथा कार्ययोजना निर्माण गरि व्यवहारिक रुपमा लागु गरिनु आवश्यक देखिन्छ। स्थानीय सरकारलाई आवश्यकतामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न तथा उक्त योजनाको कार्यान्वयनबाट नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायका साथ तयार पारीएको स्थानीय सरकारको क्षमता विकास योजनाको औचित्य रहेको छ।

नगरपालिकाले स्थानीय विकास, सेवा प्रवाह र सुशासनका लागि सञ्चालित तथा सञ्चालनमा रहेका कार्यक्रमहरुबाट क्षमता विकासका लागि थुप्रै राम्रा प्रयासहरु गरेको पाईन्छ। तर विद्यमान कार्य सम्पादनका प्रयासहरुले मात्र स्थानीय सरकारकोकार्यमुखी क्षमता विकासको रणनीतिको निर्माण तथा कार्यान्वयन चाहिन्छ। यस सन्दर्भमा संघीय सरकारले प्रत्येक स्थानीय तहको बार्षिक रुपमा कार्य सम्पादनको संस्थागत क्षमता स्वमुल्याङ्कन गर्ने प्रावधान लागु गरेको छ। यसरी स्थानीय सरकारका दश वटा विषयगत क्षेत्रहरुका सुचकहरुमा गरिने वार्षिक स्वमुल्याङ्कन र त्यसका परिमाणात्मक अवस्थाका आधारमा कुनै पनि स्थानीय तहको क्षमताको अवस्था आंकलन गरि सो अनुसार कार्य सम्पादन क्षमता विकास नीति तथा रणनीति अवलम्बन गर्नुपर्ने व्यवस्था रहेको छ। अर्कोतर्फ स्थानीय तहमा आर्थिक अनुदानको परिमाण बढ्दै गएको र राष्ट्रिय प्राकृक्तिक श्रोत तथा वित्त आयोगद्वारा नगरपालिकाको प्रभावकारी कार्य सम्पादन मापनका आधारमा स्थानीय तहहरुलाई अनुदान दिने व्यवस्था पनि हुने भएकोले स्थानीय सरकारहरुले क्षमता विकास योजना बनाई कार्य सम्पादन गर्नुपर्ने आवश्यक देखिन्छ।

## २.३. क्षमता बिकास योजनाको लक्ष्य

यस नगरपालिकाको संस्थागत तथा मानव संशाधन क्षमता अभिवृद्धि मार्फत् विकास व्यवस्थापन तथा सार्वजनिक वस्तु र सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउने कार्यमा योगदान गर्नु यस क्षमता विकास योजनाको लक्ष्य रहेको छ।

## २.४. क्षमता विकास योजनाका बिशिष्ट उद्देश्यहरु

नगरपालिकाको अधिकार र जिम्मेवारी अनुरुप सेवा वितरणलाई सर्वसुलभ, चुस्तदुरुस्त र प्रभावकारी बनाउन आवश्यक पर्ने सीप, क्षमता र दक्षता अभिवृद्धि गर्नका लागि यस योजनाका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्।

१. नगरपालिकाले योजना तर्जुमा, समन्वय, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाई योजना व्यवस्थापन क्षमतामा सुधार ल्याउने।

२. नगरपालिकाको परिवर्तित भूमिका निर्वाहका लागि सङ्गठनात्मक तथा संस्थागत व्यवस्थामा सुधार गर्नमा सहयोग गर्ने।

३ नगरपालिकाको वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याउने।

४ नगरपालिकाको कार्य सम्पादन प्रकृयामा सुधार ल्याई स्पष्ट तथा छिटो छरिटो बनाउने।

४. नगरपालिकाको आन्तरिक आय बद्धिमा सहयोग गर्ने ।

५. कार्य सम्पादनमा सुधार ल्याउनको लागि आवश्यक भौतिक सुविधा, कार्यालय सुरक्षा, सरसफाई तथा सूचना प्रविधिको उपलब्धतामा अभिवृद्धि गर्ने ।

६. कर्मचारीको कार्य शैलीमा सुधार तथा अन्तर सम्बन्धलाई सुदृढ गर्ने ।

## २.५. क्षमता विकास योजना तयारीका नीतिगत तथा कानुनी आधारहरूः

यो क्षमता विकास योजना तयार गर्दा नेपालको संविधानमा उल्लेखित मौलिक हक र कर्तव्य, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय सरकारका एकल र साझा अधिकार हरुको उपयोग गर्नुपर्ने कुराहरुलाई मध्य नजर गरिएको छ। क्षमता विकास योजना तयारीका क्रममा नेपालको;

- स्थानीय तहको क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६।
- संविधानको भाग ३ मौलिक हक र कर्तव्य  अन्तर्गत संविधानका विभिन्न धाराहरुलाई यथेष्ट ध्यान दिईएको छ।
- त्यसै गरी भाग ४ राज्य को निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी धारा ५० अनुसारका सिद्धान्तहरुलाई ध्यान दिईएको छ ।
- त्यसै गरी भाग ४ राज्य को निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी धारा धारा ५१ अनुसारका १३ वटा नीतिहरुलाई  ध्यानमा राखिएको छ।
- त्यसैगरी स्थानीय सरकार संचालन ऐन को दफा १०२ को २ मा उल्लेख भए बमोजिम स्थानीय सरकारले आफूलाई आवश्यक पर्ने ऐन तथा नीति नियम बनाउँनु पर्ने सन्दर्भलाई पनि ख्याल गरिएको छ ।

## २.६.क्षमता विकास योजना तर्जुमा विधि र प्रकृया

यस घोडाघोडी नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गर्दा सम्बन्धित मुख्य सरोकारवाला पक्षहरु संगको सहभागितात्मक विधिमा आधारित प्रक्रिया अपनाईएको छ। यस नगरपालिकामा विगतका दिनहरुमा कार्य सम्पादन भएका अभ्यास तथा नीति योजना र कार्यक्रमहरुको समिक्षा, मुख्य सरोकारवाला व्यक्तिहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा सेवाग्राहीहरुसंगको छलफल तथा नगरपालिकाको संस्थागत क्षमता स्वमुल्याङ्कनको अवस्था लाई आधार बनाई कार्ययोजना निर्माण गरिएको छ। त्यसैगरि संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले निर्माण गरेको "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" ले निर्दिष्ट गरेको ढाँचा, अनुसुची तथा प्रावधानहरुलाई पनि अनुशरण गरिएको छ। यसका अलावा यो क्षमता विकास योजनामा अवलम्बन गरिएका थप विधिहरुलाई तलका बुँदाहरुमा संक्षिप्त रुपमा उल्लेख गरिएको छ ।

### (क) क्षमता विकास योजना तर्जुमा अभिमुखीकरण

सर्वप्रथम सम्बन्धित नगरपालिकाका मुख्य सरोकारवाला (कार्यपालिका सदस्य, सम्बन्धित पालिका शाखाका प्रमुख तथा प्रतिनिधिहरु। को सहभागितामा विज्ञ समुहहरुको सहजिकरणमा क्षमता विकास योजनाको परिचय, औचित्य तथा विधि, प्रक्रियाको वारेमा एक दिने (२०७८ माघ ४ गते) अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। क्षमता विकास योजना निर्माण कार्य समय तालिका अनुसार सम्पन्न गर्न सजिलो होस् र यसको कार्यान्वयनमा पनि सहज होस् भन्ने उदेश्यका साथ क्षमता विकास योजना समन्वय समितिको गठन बारे व्यापक छलफल भएको थियो। उक्त छलफलको निष्कर्षको आधारमा क्षमता विकास योजना निर्माण र कार्यान्वयनको लागि समितिको गठन तथा जिम्मेवारी तोकिएको छ।

**(ख) सूचना सङ्कलन तथा सर्भेक्षण कार्य**

विज्ञ समूहवाट क्षमता विकास योजनासंग सम्बन्धित दस्तावेजहरु जस्तै नेपालको संविधान, स्थानीय सरकार सञ्चाल ऐन, नगरपालिकाको नीति तथा कार्यक्रम, बार्षिक समिक्षा प्रतिवेदन, बार्षिक योजना तथा कार्यक्रम, विगत तीन बर्षको बजेट तथा कार्यक्रम, नगरपालिकाको विद्यमान संगठन तथा संरचना विगत दुई वर्षको सस्थागत स्वमुल्याङ्गनको नतिजा, नगरपालिकाले निर्माण गरेका कानुनहरु, नगर पाश्वचित्र, राजस्व सुधार योजनाको समेत अध्ययन गरिएको थियो। दस्तावेजको अध्ययनबाट नगरपालिकाको विद्यमान संस्थागत क्षमताको आँकलन गरिएको थियो। अभिमुखीकरण कार्यक्रमको अतिरिक्त सम्बन्धित शाखा तथा सरोकारवाला पक्षहरु सँग क्षमता विकासको विद्यमान स्थिति र आवश्यकताहरुको बारेमा बृहत् छलफल, विश्लेषण, प्राथमिकीकरण गरिएको थियो। प्राप्त दस्तावेज अध्ययन र छलफल पश्चात क्षमता विकास योजनाले समेट्नु पर्ने विषय वस्तु, सूचना सम्बन्धित नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखबाट अनुसुचीमा उल्लेख गरिएको खाँका अनुसारका क्षमता लेखाजोखा फाराम भरि सूचनाहरु प्राप्त गर्ने कार्य गरियो।

संस्थागत तथा मानवीय क्षमता सँग सम्बन्धित थप जानकारीको सङ्कलन गर्नका लागि नगरपालिका तथा वडा स्तरमा सानो समुह छलफल, मुख्य सूचनादाताहरु सँगको अन्तरवार्ता, बडा कार्यालयहरुको अवलोकन, बडा अध्यक्ष, बडा सचिव तथा नमुना सर्वेक्षणमा परेका सेवाग्राही नागरिकहरुबाट सूचना सङ्कलन गरिएको थियो।

क्षमता विकास योजनाको लागि अनुमानित लागत तथा बजेटबारे समेत सम्बन्धित पक्षसँग छलफल तथा अन्तरक्रिया गरिएको

थियो। क्षमता बिकास योजना अनुसार क्षमता विकास कार्यक्रमका लागि यस नगरपालिकाले आन्तरिक रुपमा र बाह्य निकायहरुले समेत गर्न सक्ने योगदानको लेखाजोखा गरी श्रोतको अनुमान तयार पारी सोही आधारमा प्राथमिकता प्राप्त कार्यक्रमहरुलाई यो योजनामा समेटिएको छ।

**(ग) क्षमता विकास योजना दस्तावेज निर्माण तथा प्रस्तुतीकरण**

क्षमता विकास योजना तर्जुमाका विधि तथा प्रक्रिया, कार्यक्रम तथा क्रियाकलापहरु, लक्ष्यहरु, श्रोत तथा समय तालिका सहित तोकिएको ढाँचामा मस्यौदा (क्षमता विकास योजना प्रतिवेदन तयार पारिएको थियो। नगरपालिकाका मुख्य सरोकारवाला पक्षहरु (कार्यपालिका सदस्य तथा शाखा प्रमुख को सहभागितामा मिति २०७८ फागुन १३ गते एकदिने छलफल
तथा सुझाव सङ्कलन कार्यक्रम गरी क्षमता विकास योजनामा समेट्नु पर्ने थप विषयबस्तुहरुलाई समबेश गरी अन्तिम प्रतिवेदन तयार गरियो। सोही अनुरुप अन्त्यमा सुझावहरुलाई समेटी, त्रुटिहरुलाई सच्याउने, छुट भएका विषयवस्तु र क्रियाकलाप समावेश गरी क्षमता विकास योजनालाई अन्तिम रुप प्रदान गरी नगरपालिकाको कार्यपालिका समक्ष प्रस्तुत गरिएको थियो।

## २.७.क्षमता विकास योजनाका सिमाहरुः

(क) घोडाघोडी नगरपालिकाको क्षमता विकास योजना नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कार्यरत कर्मचारी, विषयगत शाखा र केही सेवाग्राहीसँगको छलफल र अन्तरकियाबाट तयार पारिएको छ। नगरपालिका संग अन्य प्रत्तक्ष तथा परोक्ष रुपमा सरोकार राख्ने समुहका विचारहरु नसमेटिएको हुन सक्छ।

(ख) विद्यमान स्थानीय सरकार सञ्चालन ऐन, नगरपालिकाका अन्य ऐन, नियम, कार्यविधि र स्थानीय तह सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि आदेशका आधारमा तयार गरिएको तर कतिपय कानूनहरु नयाँ बन्ने क्रममा पनि रहको हुँदा अन्य धेरै महत्वपूर्ण विषय छुटेका हुन सक्छन्।

(ग) नगरपालिका भित्रका कतिपय प्रतक्ष्य तथा अप्रतक्ष्य सरोकार राख्ने समुह, सामुदायिक संस्था, नागरिक समाज तथा अन्य संघसंस्थाहरु सँग समय र स्रोतको सिमितताका कारणले प्रयाप्त छलफल सुझावको अभाव रहन सक्ने।

(घ) नगरपालिकाको क्षमता विकास योजनालाई कार्यान्वयन गर्न संघ, प्रदेश एवम् विकास साझेदारबाट आर्थिक, प्राविधिक सहयोगको अपेक्षा गरिएको छ।

(घ) योजना कार्यान्वयनका लागि श्रोत साधनको आंशिक मात्रामा यथार्थ यकिन भएको अवस्थामा योजना तयार गरिएको हुँदा कार्यान्वयनमा श्रोत साधनको उपलव्धता र खर्च व्यवस्थापनमा जोखिम रहन सक्छ।


(ङ) नयाँ प्रस्तावित कार्य विभाजन नियमावलीलाई आधार मानी शाखागत कार्य विवरण तयार गरिने हुँदा विद्यमान शाखागत कार्य क्षेत्रमा भिन्नता देखिन सक्छ।

# परिच्छेद-३

# नगरपालिकाको वर्तमान अवस्था विश्लेषण

# Analysis the Present Situation of Municipality

## ३.१. संगठन संरचनाः






## ३.२. नगरपालिकाको संगठन संरचना अनुसार पदपुर्ति अवस्थाः

### नगरसभाका पदाधिकारिहरुको विवरणः

| क्र.स. | नाम, थर | पद | वडा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | घनश्याम ओझा | वडा अध्यक्ष | १ | ९८४८४२३९६८ |
| २ | किसम देवी चौधरी | महिला सदस्य | १ | ९८२५६८०१३६ |
| ३ | जुना सुनार | द. महिला सदस्य | १ | ९८२१६६६७२६ |
| ४ | धुर्व गौतम | सदस्य | १ | ९८६८४१३०४४ |
| ५ | अमन चौधरी | सदस्य | १ | ९८५८४२१०२३ |
| | | | | |
| १ | लक्ष्मी प्रसाद चौधरी | वडा अध्यक्ष | २ | ९८४८४६२५८९ |

| | | | | |
|---|---|---|---|---|
| २ | कलादेवी सिंह | महिला सदस्य | २ | ९८६४६४४४८३ |
| ३ | गिता सुनार | (कार्यपालीका सदस्य)द. महिला सदस्य | २ | ९८६५७७८८८१ |
| ४ | भिम बहादुर भण्डारा | सदस्य | २ | ९८४८४७१७९२ |
| ५ | राम सुन्दर चौधरी | सदस्य | २ | ९८६९६०२७०८ |
| | | | | |
| १ | कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष | ३ | ९८५८४२२३५३ |
| २ | विस्ना देवी डगौरा | (कार्यपालीका सदस्य)महिला सदस्य | ३ | ९८४३३३२७२५ |
| ३ | राधा परियार | द. महिला सदस्य | ३ | ९८२१६१५४३४ |
| ४ | रमेश कुमार डगौरा | सदस्य | ३ | ९८२४६४८८५७ |
| ५ | विजय चौधरी | सदस्य | ३ | ९८१५६०९०९७ |
| | | | | |
| १ | भरत बहादुर शाही | वडा अध्यक्ष | ४ | ९७६९०१९१०८ |
| २ | रुपा चौधरी | महिला सदस्य | ४ | ९८६८३४४७५२ |
| ३ | दिपा देवी तिरुवा | द. महिला सदस्य | ४ | ९८१५६९०४५६ |
| ४ | रत्न संज्याल | सदस्य | ४ | ९८४८५८१६११ |
| ५ | फरारीलाल चौधरी | सदस्य | ४ | ९८४८५३४३६६ |
| | | | | |
| १ | लोक बहादुर चन्द | वडा अध्यक्ष | ५ | ९८६७८८०३०२ |
| २ | लक्ष्मी देवी भण्डारी | महिला सदस्य | ५ | ९८६३५०८८१६ |
| ३ | शोभा देवी नेपाली | द. महिला सदस्य | ५ | ९८११६२६७४६ |
| ४ | लिखराम चौधरी | सदस्य | ५ | ९७४९७५२१२५ |
| ५ | टिकाराम डगौरा थारु | सदस्य | ५ | ९८००६९९४४० |
| | | | | |
| १ | धन बहादुर चौधरी | वडा अध्यक्ष | ६ | ९८६२५८६०३२ |
| २ | दिपा कुँवर | महिला सदस्य | ६ | ९८४८५६०१८० |
| ३ | कमला कुमारी वि.क. चुनारा | (कार्यपालीका सदस्य)द. महिला सदस्य | ६ | ९७४६२४७१६२ |
| ४ | धनकृष्ण चौलागाई | सदस्य | ६ | ९८६९९१११९० |
| ५ | जित बहादुर रसाईली | सदस्य | ६ | ९८६८५४१७१६ |
| | | | | |
| १ | जुगराम डगौरा | वडा अध्यक्ष | ७ | ९८४९४९३५३५ |
| २ | रुक्मणी चौधरी | महिला सदस्य | ७ | ९८१२६३८३३२ |
| ३ | राधा कामी | द. महिला सदस्य | ७ | ९८४३०३४५०० |
| ४ | देवचरण चौधरी | सदस्य | ७ | ९८२४६२७२११ |
| ५ | प्रेम बहादुर चौधरी | सदस्य | ७ | ९८०४६९६७४० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १ | विर बहादुर साँउद | वडा अध्यक्ष | ८ | ९८६८७२४६१५ |
| २ | अनुषा बोहरा (वडुवाल) | महिला सदस्य | ८ | ९८४८६८५६३२ |
| ३ | अप्सरा देवी विश्वकर्मा | द. महिला सदस्य | ८ | ९८४०६७४८८८ |
| ४ | लाल बहादुर चौधरी | सदस्य | ८ | ९८६७८७५६२० |
| ५ | भवीसरा भण्डारी | (कार्यपालीका सदस्य)सदस्य | ८ | ९८४२९०१९४७ |
| | | | | |
| १ | हरिचन्द्र शाह | वडा अध्यक्ष | ९ | ९७४९९०२९९७ |
| २ | सुशीला चौधरी | महिला सदस्य | ९ | ९८१५६८२०२५ |
| ३ | सृजना सार्की | द. महिला सदस्य | ९ | ९८४८८९२०२७ |
| ४ | गजेन्द्र बहादुर रावल | सदस्य | ९ | ९८६८८६८५६० |
| | | | | |
| १ | विजय राज स्वार | वडा अध्यक्ष | १० | ९८५८४२२०५८ |
| २ | जय कुमारी चौधरी | महिला सदस्य | १० | ९८१५६२३८४२ |
| ३ | मिना कुमारी वि.क. | (कार्यपालीका सदस्य) द. महिला सदस्य | १० | ९८४८२०८५४३ |
| ४ | रोहीत बम | सदस्य | १० | ९८२५६६४७७६ |
| ५ | जालुराम थारु चौधरी | सदस्य | १० | ९८४८५३२९७४ |
| | | | | |
| १ | दान सिंह जोगी | वडा अध्यक्ष | ११ | ९८५८४२१०६३ |
| २ | पार्वती देवी कठरिया | महिला सदस्य | ११ | ९८१४६८५०९९ |
| ३ | ईश्वरा पार्की | द. महिला सदस्य | ११ | ९८४८८६२३६७ |
| ४ | नवल सिंह रावल | सदस्य | ११ | ९८४८४७०४३७ |
| ५ | उमेश कुमार कुश्मी | सदस्य | ११ | ९८४८४७६७०५ |
| | | | | |
| १ | राम दुलारे चौधरी | वडा अध्यक्ष | १२ | ९८४८४२५४२२ |
| २ | सुमिता चौधरी | महिला सदस्य | १२ | ९८०४६९५७८२ |
| ३ | माता देवी दमाई | द. महिला सदस्य | १२ | ९८२२१८२५६१ |
| ४ | गुपुल दास डगौरा थारु | सदस्य | १२ | ९८१५६७४२९० |
| ५ | रामनाथ चौधरी | सदस्य | १२ | ९८२१६५२३८४ |

## नगरसभा अन्तर्गतका समितिहरुको विवरणः

## लेखा समितिः

| **क्र.स.** | **नाम,थर** | **पद** | |
|---|---|---|---|
| १ | श्री विजय चौधरी | संयोजक | |
| २ | श्री प्रेम वहादुर चौधरी | सदस्य | |
| ३ | श्री लिखराम चौधरी | सदस्य | |

| | | | |
|---|---|---|---|
| ४ | श्री दिपा कुवर | सदस्य | |
| ५ | शाखा प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य सचिव | |

## विद्यायन समितिः

| क्र.स. | नाम,थर | पद | |
|---|---|---|---|
| १ | श्री नवल सिह रावल | संयोजक | |
| २ | श्री गुपुल दास डगौरा थारु | सदस्य | |
| ३ | श्री जय कुमारी चौधरी | सदस्य | |
| ४ | श्री रत्न संज्याल | सदस्य | |
| ५ | शाखा प्रमुख, कानुन शाखा | सदस्य सचिव | |

## सुशासन तथा संस्थागत क्षमता विकास समितिः

| क्र.स. | नाम,थर | पद | |
|---|---|---|---|
| १ | श्री अप्सरा देवी विश्वकर्मा | संयोजक | |
| २ | श्री राम सुन्दर चौधरी | सदस्य | |
| ३ | श्री किसम देवी चौधरी | सदस्य | |
| ४ | श्री गजेन्द्र बहादुर रावल | सदस्य | |
| ५ | शाखा प्रमुख, प्रशासन शाखा | सदस्य सचिव | |

## नगर कार्यपालिकाको विवरणः

| सि.नं. | पद | नाम, थर | वडा | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री खडक बहादुर रावत | | ९८६८६५५२९३ |
| २ | नगर उप प्रमुख | श्री गुलिया कुमारी चौधरी | | ९८६२४८७१९१ |
| ३ | वडा अध्यक्ष | श्री घनश्याम ओझा | १ | ९८४८४२३९६८ |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मी प्रसाद चौधरी | २ | ९८४८४६२५८९ |
| ५ | वडा अध्यक्ष | श्री कृष्ण प्रसाद गौतम | ३ | ९८५८४२२३५३ |
| ६ | वडा अध्यक्ष | श्री भरत वहादुर शाही | ४ | ९७६९०१९१०८ |
| ७ | वडा अध्यक्ष | श्री लोक बहादुर चन्द | ५ | ९८६७८८०३०२ |
| ८ | वडा अध्यक्ष | श्री धन बहादुर चौधरी | ६ | ९८६२५८६०३२ |
| ९ | वडा अध्यक्ष | श्री जुगराम डगौरा | ७ | ९८४९४९३५३५ |
| १० | वडा अध्यक्ष | श्री विर बहादुर साउद | ८ | ९८६८७२४६१५ |
| ११ | वडा अध्यक्ष | श्री हरिचन्द् शाह | ९ | ९७४९९०२९९७ |
| १२ | वडा अध्यक्ष | श्री बिजय राज स्वार | १० | ९८५८४२२०५८ |
| १३ | वडा अध्यक्ष | श्री दान सिह जोगी | ११ | ९८५८४२१०६३ |
| १४ | वडा अध्यक्ष | श्री राम दुलारे चौधरी | १२ | ९८४८४२५४२२ |
| १५ | कार्यपालिका सदस्य | श्री गिता सुनार | २ | ९८६५७७८८८१ |
| १६ | कार्यपालिका सदस्य | श्री विस्ना देवि डगौरा | ३ | ९८४३३३२७२५ |
| १७ | कार्यपालिका सदस्य | श्री कमला कुमारी विक चुनारा | ६ | ९७४६२४७१६२ |

| | | | | |
|---|---|---|---|---|
| १८ | कार्यपालिका सदस्य | श्री भविसरा भण्डारी | ८ | ९८४२९०१९४७ |
| १९ | कार्यपालिका सदस्य | श्री मिना कुमारी विक | १० | ९८४८२०८५४३ |
| २० | कार्यपालिका सदस्य | श्री भक्त बहादुर विक | ३ | ९७४५८०१८३१ |
| २१ | कार्यपालिका सदस्य | श्री टेकेन्द्र बहादुर नेपाली | ४ | ९८६८८६७४५६ |
| २२ | कार्यपालिका सदस्य | श्री आकाश परियार | १२ | ९८०४६०६७८५ |
| २३ | सचिव | श्री प्रमुख प्रशासकीय अधिकृत | | ९८५८४३८१११ |

## नगर कार्यपालिका अन्तर्गतका समितिहरुको विवरणः

## आर्थिक विकास समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री विजय राज स्वर | संयोजक | |
| २ | श्री विस्ना चौधरी | सदस्य | |
| ३ | श्री धन कृष्ण चौलागाई | सदस्य | |
| ४ | श्री भक्त बहादुर विक | सदस्य | |
| ५ | शाखा प्रमुख,आर्थिक प्रशासन शाखा | सदस्य सचिव | |

## सामाजिक विकास समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री टेकेन्द्र बहादुर नेपाली | संयोजक | |
| २ | श्रीजकित वहादुर रसाईली | सदस्य | |
| ३ | श्री देव चरण चौधरी | सदस्य | |
| ४ | श्री गिता सुनार | सदस्य | |
| ५ | शाखा प्रमुख,शिक्षा युवा तथा खेलकुद | सदस्य सचिव | |

## पूर्वाधार विकास समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री जुगराम चौधरी | संयोजक | |
| २ | श्री धुर्व गौतम | सदस्य | |
| ३ | श्री रमेश चौधरी | सदस्य | |
| ४ | श्री कमला कुमारी विक | सदस्य | |
| ५ | शाखा प्रमुख पुर्वाधार विकास विकास | सदस्य सचिव | |

## वन,वातावरण तथा विपद व्यवस्थापन समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री भविसरा भण्डारी | संयोजक | |
| २ | श्री फरारी लाल चौधरी | सदस्य | |
| ३ | श्री जालुराम चौधरी | सदस्य | |
| ४ | श्री सुमिता चौधरी | सदस्य | |
| ५ | शाखा प्रमुख विपद व्यवस्थापन शाखा | सदस्य सचिव | |

## संस्थागत विकास तथा क्षमता विकास समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | श्री विस्ना देवी डगौरा | संयोजक | |
| २ | श्री लाल वहादुर चौधरी | सदस्य | |
| ३ | श्री टिकाराम चौधरी | सदस्य | |
| ४ | श्री दिपा तिरुवा | सदस्य | |
| ५ | शाखा प्रमुख,प्रशासन शाखा प्रमुख | सदस्य सचिव | |

## विधेयक समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री भरत वहादुर शाही | संयोजक | |
| २ | श्री अमन चौधरी | सदस्य | |
| ३ | श्री उमेश कुश्मी | सदस्य | |
| ४ | श्री अनुशा वडुवाल | सदस्य | |
| ५ | शाखा प्रमुख कानुन शाखा | सदस्य सचिव | |

## स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री खडक बहादुर रावत | संयोजक | |
| २ | श्री गुलिया कुमारी चौधरी | सदस्य | |
| ३ | श्री लोक बहादुर चन्द | सदस्य | |
| ४ | श्री लक्ष्मी प्रसाद चौधरी | सदस्य | |
| ५ | श्री आकाश परियार | सदस्य | |
| ६ | श्री भविसरा भण्डारी | सदस्य | |
| ७ | श्री प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

## स्थानीय राजस्व परामर्श समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री गुलिया कुमारी चौधरी | संयोजक | |
| २ | श्री प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ३ | श्री कृष्णप्रसाद गौतम | सदस्य | |
| ४ | श्री गिता सुनार | सदस्य | |
| ५ | श्री उद्योग वाणिज्य महासंघ प्रतिनिधी (दुर्गा दत्त गौतम) | सदस्य | |
| ६ | श्री घरेलु तथा साना उद्योग महासंघ प्रतिनिधी श्री सोमनाथ रिजाल | सदस्य | |
| ७ | श्री राजस्व शाखा प्रमुख | सदस्य सचिव | |

## बजेट तथा कार्यक्रम तर्जुमा समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री गुलिया कुमारी चौधरी | संयोजक | |
| २ | श्री प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ३ | श्री बिजयराज स्वार | सदस्य | |
| ४ | श्री जुगराम चौधरी | सदस्य | |
| ५ | श्री टेकेन्द्र बहादुर नेपाली | सदस्य | |
| ६ | श्री विष्णा देवी डगौरा | सदस्य | |
| ७ | श्रीयोजना शाखा प्रमुख | सदस्य सचिव | |

## न्यायीय समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री गुलिया कुमारी चौधरी | संयोजक | |
| २ | श्री रोहित बम | सदस्य | |
| ३ | श्री सुशिला चौधरी | सदस्य | |

## आवधीक योजना तर्जुमा निर्देशक समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री नगरप्रमुख श्री खडक बहादुर रावत | संयोजक | |
| २ | श्री नगर उपप्रमुख श्री गुलिया कुमारी चौधरी | सदस्य | |
| ३ | श्री विषयगत समितिका संयोजकहरु | सदस्य | |
| ४ | श्री कार्यपालिका सदस्यहरु | सदस्य | |
| ५ | श्री शाखा प्रमुखहरु | सदस्य | |
| ६ | श्री उद्योग,व्यवसाय,नीजि क्षेत्र,गैर सरकारी क्षेत्रका प्रतिनिधिहरु | सदस्य | |
| ७ | श्री प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

## मध्यमकालिन खर्च संरचना तर्जुमा समितिः

| क्र.स. | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री प्र.प्र.अ | संयोजक | |
| ६ | श्री शाखा प्रमुख सवै | सदस्य | |
| ७ | श्री योजना शाखा प्रमुख | सदस्य सचिव | |

## संगठन संरचना अनुसार कर्मचारीहरुको विवरणः

| क्र.स. | शाखा | पद | तह | सेवा | समुह | दरवन्दी | पदपुर्ति | क पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अ. | उपसचिव | १० | प्र. | सा.प्र. | १ | १ | | |
| **२** | **प्रशासन योजना तथा अनुगमन शाखा** | | | | | | | | |
| | | अधीकृत | ७/८ | प्र. | सा.प्र. | १ | ० | | |
| | | स.कम्प्युटर अ. | ४ | विविध | विविध | २ | ० | | |
| **३** | **प्रशासन उप-शाखा** | | | | | | | | |
| | | अधीकृत | ६ | प्र. | सा.प्र. | १ | १ | | |
| | | सहायक | ४ | प्र. | सा.प्र. | १ | ० | | |
| **४** | **राजस्व उपशाखा** | | | | | | | | |
| | | सहायक | ५ | प्र. | सा.प्र. | १ | ० | | |
| | | सहायक | ४ | प्र. | सा.प्र. | १ | ० | | |
| **५** | **योजना तथा अनुगमन उपशाखा** | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अधिकृत | ६ | प्र. | सा.प्र. | १ | ० | | |
| | | सहायक | ४ | प्र. | सा.प्र. | १ | ० | | |
| ६ | **सूचना प्रवीध उपशाखा** | | | | | | | | |
| | | कम्पयुटर ई. | ६ | विविध | विविध | १ | ० | १ | |
| | | कम्पयुटर अपरेटर | ५ | विविध | विविध | १ | १ | | |
| ७ | **कानून ईकाई** | | | | | | | | |
| | | कानून अधिकृत | ६ | न्याय | न्याय | १ | ० | | |
| | | सहायक | ४ | प्र. | सा.प्र. | १ | १ | | |
| ८ | **पुर्वाधार विकास शाखा** | | | | | | | | |
| | | सि.डि.ई. | ९।१० | इन्जि | इन्जि | १ | ० | | |
| ९ | **सडक,सिचाई तथा अन्य पुर्वाधार विकास उपशाखा** | | | | | | | | |
| | | ईन्जि | ६।७ | इन्जि | इन्जि | २ | | १ | |
| | | सव-ईन्जि | ५ | इन्जि | इन्जि | १ | | १ | |
| १० | **भवन तथा वस्ति विकास उपशाखा** | | | | | | | | |
| | | ईन्जि | ६।७ | इन्जि | इन्जि | १ | १ | | |
| | | सवईन्जिनियर | ५ | इन्जि | इन्जि | १ | | | |
| | | सर्वेक्षक | ५ | इन्जि | सर्भे | १ | १ | | |
| | | अमिन | ४ | इन्जि | सर्भे | २ | | १ | |
| ११ | **वातावरण तथा विपद व्यवस्थापन ईकाई** | | | | | | | | |
| | | वातावरण ई | ६ | ईन्जि | वातावरण | १ | ० | | |
| | | सहायक | ५ | प्र. | सा.प्र. | १ | ० | | |
| १२ | **स्वास्थ्य तथा सामाजिक विकास शाखा** | | | | | | | | |
| | | ज.स्वा.अधीकृत | ७।८ | स्वा | स्वा | १ | १ | | |
| | | प.हे.न. | ६।७ | स्वा | स्वा | १ | ० | | |
| | | हे.अ. | ६।७ | स्वा | स्वा | १ | १ | | |
| | | अ.हे.व | ४।५ | स्वा | स्वा | १ | १ | | |
| १३ | **सामाजिक सुरक्षा तथा पंजिकरण उप-शाखा** | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सहायक | ५ | प्र. | सा.प्र. | १ | ० | | |
| **१४** | **महिला वालवलिका तथा समाज कल्याण उपशाखा** | | | | | | | | |
| | | म.बि.नि. | ५ | विविध | विविध | १ | १ | | |
| | | स.म.वि.नि. | ४ | विविध | विविध | १ | १ | | |
| **१५** | **शिक्षा,युवा तथा खेलकुद शाखा** | | | | | | | | |
| | | अधीकृत | ९।१० | शि | शि.प्र. | १ | १ | | |
| | | अधीकृत | ७।८ | शि | शि.प्र. | १ | १ | | |
| | | प्रा.स. | ५ | शि | शि.प्र. | २ | १ | | |
| **१६** | **आर्थिक विकास शाखा** | | | | | | | | |
| | | अधिकृत | ६ | प्र. | सा.प्र. | १ | १ | | |
| | | सहायक | ५ | प्र. | सा.प्र. | १ | ० | | |
| | | सहायक | ४ | प्र. | सा.प्र. | १ | ० | | |
| **१७** | **आर्थिक प्रशासन शाखा** | | | | | | | | |
| | | लेखा अधिकृत | ७।८ | प्र. | लेखा | १ | १ | | |
| | | ले.पा. | ५ | प्र. | लेखा | १ | १ | | |
| | | स.ले.पा. | ४ | प्र. | लेखा | १ | १ | | |
| **१८** | **आन्तरिक लेखा परिक्षण शाखा** | | | | | | | | |
| | | आ.ले.प. अधीकारी | ६।७ | प्र. | लेखा | १ | ० | | |
| **१९** | **कृषि सेवा केन्द्र** | | | | | | | | |
| | | अधीकृत | ७।८ | कृषि | कृषि | १ | | | |
| | | प्रा.स. | ५।६ | कृषि | कृषि | १ | | | |
| | | ना.प्रा.स | ४।५ | कृषि | कृषि | १ | | | |
| **२०** | **पशु सेवा केन्द्र** | | | | | | | | |
| | | अधीकृत | ७।८ | पशु | भेटेरिनरी | १ | | | |
| | | प्रा.स | ५।६ | पशु | भेटेरिनरी | १ | | | |
| | | प्रा.स | ५।६ | पशु | लापोडेडे | १ | | | |
| | | प्रा.स | ५।६ | पशु | मत्स्य | १ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ना.प्र.स | ५।६ | पशु | भेटेरिनरी | १ | | | |
| | | ना.प्र.स | ५।६ | पशु | लापोडेडे | १ | | | |
| **२१** | **वडा कार्यालयहरु** | | | | | | | | |
| | | सहायक | ५ | प्र. | सा.प्र. | ५ | | | |
| | | सहायक | ४ | प्र. | सा.प्र. | ७ | | | |
| | | सव ईन्जि | ५ | ईन्जि | सिभिल | ५ | | | |
| | | अ.सव ईन्जि | ४ | ईन्जि | सिभिल | ७ | | | |
| **२२** | **स्वास्थ्य चौकीहरु ( ४ वटा हरेकमा)** | | | | | | | | |
| | | हे.अ. | ५।६ | | | १ | | | |
| | | अ.हे.व | ४।५ | | | ३ | | | |
| | | अ.न.मि | ४।५ | | | २ | | | |
| **२३** | **आधारभुत स्वास्थ्य सेवा केन्द्र (८ वटा हरेकमा)** | | | | | | | | |
| | | अ.हे.व | ४।५ | | | १ | | | |
| | | अ.न.मि | ४।५ | | | १ | | | |
| **२४** | **घोडाघोडी नगर अस्पताल** | | | | | | | | |
| | | | | | | | | | |
| **२५** | **नगर प्रहरी** | | | | | | | | |
| | | | | | | | | | |

## ३.३. स्थानीय तहको एकल र साझा अधिकारको कार्यान्वयन अवस्थाः

**स्थानीय तहको एकल अधिकारको सुची-** अनुसुची८:

| **क्र.स.** | **विषयहरु** | **कानुन वनेको नबनेको** | **कैफियत** |
|---|---|---|---|
| १ | नगर प्रहरी | वनेको | |
| २ | सहकारी संस्था | वनेको | |
| ३ | एफ.एम सञ्चालन | वनेको | |
| ४ | स्थानीय कर | वनेको | |
| ५ | स्थानीय सेवाको व्यवस्थापन | वनेको | |
| ६ | स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन | वनेको | |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु | वनेको | |
| ८ | आधारभुत र माध्यामिक शिक्षा | वनेको | |

| | | | |
|---|---|---|---|
| ९ | आधारभुत स्वास्थ्य र सरसफाई | वनेको | |
| १० | स्थानीय बजार व्यवस्थापन,वातावरण संरक्षण र जैविक विविधता | वनेको | |
| ११ | स्थानीय सडक,ग्रामिण सडक,कृषी सडक,सिचाई | वनेको | |
| १२ | गाउँ सभा,नगर सभा,जिल्ला सभा,स्थानीय अदालत,मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | वनेको | |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन | वनेको | |
| १४ | घर जग्गाधनी पुर्जा वितरण | नवनेको | |
| १५ | विपद व्यवस्थापन | वनेको | |
| १६ | जलाधार,वन्यजन्तु,खानी तथा खनिज पदार्थको संरक्षण | नवनेको | |
| १७ | भाषा,सस्कृति र ललितकलाको संरक्षण र विकास | नवनेको | |
| १८ | खानेपानी,साना जलविधुत आयोजना।वैकल्पिक उर्जा | वनेको | |
| १९ | कृषि प्रसारको व्यवस्थापन,संचालन र नियन्त्रण | वनेको | |
| २० | वेरोजगारको तथ्यांक संकलन | वनेको | |
| २१ | ज्येष्ठ नारिक,अपांग भएका व्यक्ती र अशक्तहरुको व्यवस्थापन | वनेको | |
| २२ | कृषी तथा पशुपालन,कृषी उत्पादन व्यवस्थापन,पशु स्वास्थ्य,सहकारी | वनेको | |

**संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सुची- अनुसुची९:**

| **क्र.स.** | **विषयहरु** | **कानुन वनेको नबनेको** | **कैफियत** |
|---|---|---|---|
| १ | सहकारी | वनेको | |
| २ | शिक्षा,स्वास्थ्य र पत्रपत्रिका | वनेको | |
| ३ | स्वास्थ्य | वनेको | |
| ४ | कृषि | वनेको | |
| ५ | विधुत,खानेपानी,सिचाई जस्ता सेवाहरु | वनेको | |
| ६ | सेवा शुल्क,दस्तुर,दण्ड जरिवाना तथा प्राकृतिक स्रोत बाट प्राप्त रोयल्टी,पर्यटन शुल्क | वनेको | |
| ७ | वन,जंगल,वन्यजन्तु,चराचुरुङगी,जल उपयोग,वातावरण,पर्यावरण तथा जैविक विविधता | वनेको | |
| ८ | खानी तथा खनिज | वनेको | |
| ९ | विपद व्यवस्थापन | वनेको | |
| १० | सामाजिक सुरक्षा र गरिवि निवारण | वनेको | |

| | | | |
|---|---|---|---|
| ११ | व्यक्तिगत घटना दर्ता,जन्म मृत्यु,विवाह र तथ्यांक | वनेको | |
| १२ | पुरातत्व,प्राचिन स्मारक र संग्रहालय | नवनेको | |
| १३ | सुकुम्वासि व्यवस्थान | नवनेको | |
| १४ | प्राकृतिक स्रोत बाट प्राप्त रोयल्टी | वनेको | |
| १५ | सवारी साधन अनुमती | नवनेको | |

**३.४. संस्थागत क्षमता स्वमुल्यांकनको अवस्थाः**

**संस्थागत क्षमता स्वमुल्यांकनको संरचनाः**

| सि.न. | विषय क्षेत्र | समग्र स्तिति | प्रकृयागत स्थिति | परिमाणात्मक स्थिति | कुल भार |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ३ | ४ | २ | ९ |
| २ | संगठन तथा प्रशासन | २ | ३ | ३ | ८ |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | २ | ४ | ५ | ११ |
| ४ | वित्तिय एंव आर्थिक व्यवस्थापन | २ | ४ | ५ | ११ |
| ५ | सार्वजनिक सेवा प्रवाह | ३ | ४ | ९ | १६ |
| ६ | न्यायिक कार्य सम्पादन | १ | ३ | ३ | ७ |
| ७ | भौतिक पुर्वाधार | ३ | ४ | ६ | १३ |
| ८ | सामाजिक समावेसिकरण | २ | ४ | ४ | १० |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | १ | ३ | ५ | ९ |
| १० | सहकार्य र समन्वय | २ | १ | ३ | ६ |
| | जम्मा | २१ | ३४ | ४५ | १०० |

३.४. नगरपालिकाको संस्थागत तथा मानवीय स्रोतमा देखिएका सवल,दुर्वल,अवसर र चुनौतीहरुः

३.५. क्षमता विकासको आवश्यकताः

३.६. क्षमता विकास प्राथमिकताका आधारहरुः

## परिच्छेद-४

## नगरपालिकाको क्षमता विकास योजनाका क्षेत्रहरु

# Areas of Municipality Capacity Development Plan

४.१. संस्थागत क्षमता विकास योजनाः

४.२. नगरपालिकाको संस्थागत क्षमता विकास कार्ययोजनाः

४.३.मानव स्रोत क्षमता विकास योजनाः

४.४. मानव स्रोत क्षमता विकास कार्ययोजनाः

४.५. आवश्यक स्रोत व्यक्ती तथा संस्थाहरुको रोष्टरः

४.६. क्षमता विकास योजना कार्यान्वयन रणनीतिः

४.७. क्षमता विकास समन्वय समितिको भुमिकाः

४.८. बजेट प्रक्षेपण

## परिच्छेद-५

## विविध

५.१.क्षमता विकास योजना अनुगमन तथा मुल्यांकनः